निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा आ.ब. २०८३।०८४ को नीति तथा कार्यक्रमम स्विकृत गर्ने निर्णय गरियो ।

## सखुवा प्रसौनी गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि गाउँ सभाको सत्रौं अधिवेशनमा २०८३।०३।०३ गते बुधबारका दिन बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्रीमति शर्मिला विष्ट ज्यूले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष ०८३/०८४ को नीति तथा कार्यक्रम

सखुवा प्रसौनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सखुवा प्रसौनी, पर्सा

## आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम

यस सखुवा प्रसौनी गाउँपालिकाको बजेट तर्जुमा समितिका संयोजकका हैसियतले यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिर्वतनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरी राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने महान नेपाली तथा मधेशी नागरिक र त्यसको सवल एवम् सक्षम नेतृत्व गर्नुहुने राजनीतिक शिखर व्यक्तित्वप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

यस गाउँपालिकालाई “समृद्ध गाउँपालिका र सुखी गाउँपालिकाबासी” बनाउने दिर्घकालीन उद्देश्य अनुरुप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा गाउँपालिका अगाडि बढिरहेको छ । नागरिकहरुको आवश्यकतालाई ध्यानमा राख्दै **खेलकुद, कृषि, स्वास्थ्य तथा शिक्षा**लाई उच्च प्राथमिकतामा राखी गाउँपालिकाको सर्वाङ्गिण बिकास गरिनेछ । प्रतिव्यक्ति आयको वृद्धिले मात्र न्यायोचित विकास सम्भव हुदैन, न त सीमित आयको वितरणबाट नै समृद्धिमा पुग्न सकिन्छ । त्यसैले उच्च आर्थिक वृद्धि सँगै त्यसको न्यायपूर्ण वितरणबाट मात्र सर्वाङ्गिण विकास हासिल गर्न सकिने यस सरकारको मान्यता रहेको छ । सवै नागरिकका लागि मर्यादित काम, न्यूनतम खाद्य सुरक्षा, आधारभुत स्वास्थ्य–शिक्षाको सुविधा, स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता अत्यावश्यक आवश्यकताहरुको परिपुर्ति नै हाम्रो सामुदायिक विकास तर्फको यात्रा प्रस्थान विन्दु हुनेछ ।

यस गाउँपालिकामा उपलब्ध श्रोत साधनहरुको प्रभावकारी उपयोग मार्फत विकास कार्यलाई निरन्तरता दिदै जनताको आबश्यकता एवं चाहनाको प्राथमिकिकरण गर्दै जनताहरुकै सहभागितामा सखुवा प्रसौनी गाउँपालिकाको विकास गरि सम्वृद्ध बनाउनु यस गाउँपालिकाको लक्ष्य हो । आर्थिक, सामाजिक, राजनितिक, साँस्कृतिक, तथा शैक्षिक लगायत समग्र क्षेत्रको विकास गरि यसको प्रतिफलको सम्मान एवं समन्यायिक वितरण मार्फत जनतालाई परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउन प्रस्तुत निति तथा कार्यक्रम सफल हुने छ भनी विश्वास लिएको छु ।

स्थानीय तहको पहिलो निर्वाचनबाट बनेको सखुवा प्रसौनी गाउँपालिका सरकारको छैठौं पल्टको आगामी आर्थिक वर्ष ०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन, २०७४ नेपाल सरकारको १६ औ आवधिक योजना तथा विभिन्न दीर्घकालिन क्षेत्रगत नीतिहरु तथा विनियोजन विधेयक २०८३ को सिद्धान्त र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकारको निति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र गाउँसभा सदस्यहरुले दिनुभएको सुझावहरु तथा विभिन्न

राजनितिक दल, संघ संस्था, विद्धवत वर्ग, लक्षित वर्गबाट प्राप्त रचनात्मक सुझावहरु र प्रतिकृयालाई मार्गदर्शनको रुपमा लिएको छु ।

## सामाजिक विकास

### शिक्षा

१. सबै बालबालिकाहरुलाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालयमा भर्ना अभियानलाई अघि बढाइ चालु शैक्षिक सत्र, २०८३ तथा आगामी शैक्षिक सत्र, २०८४ भित्र नै विद्यालय जाने उमेरका सवै बालबालिकालाई विद्यालय भर्ना गराई माध्यमिक तह सम्मको शिक्षालाई क्रमश अनिवार्य गरिनेछ। यस गाउँपालिकालाई पूर्ण साक्षर गा.पा. घोषणातर्फ उन्मुख हुनेछ ।

२. सम्पुर्ण बालबालिकालाई शिक्षा प्रति आकर्षित गर्न र विद्यालय समयसम्म पठनपाठन गराउन नेपाल सरकारको नीति अनुरुप यस गाउँपालिकाका सबै सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सवै विद्यार्थीलाई स्थानीय उत्पादनमा आधारित पौष्टिक **दिवा खाजा** नेपाल सरकारबाट उपलब्ध हुने बजेट लाई गुणस्तरिय रुपमा कार्यान्वयन गरिनेछ ।

३. प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न तथा श्री दीपनारायण आदर्श नमुना मा.वि. पञ्गावा र श्री ने.रा.मा.वि. महुवनमा संचालित **प्राविधिक कक्षालाई** प्रभावकारी तवरले संचालन गर्न आवश्यक प्रवन्ध मिलाईनेछ र कम्प्युटर शिक्षालाई अनिवार्य गरी यस आ.व.मा पनि सामुदायिक विद्यालयहरुमा कम्प्युटर, ल्यापटप तथा प्रोजेक्टर हस्तानान्तरण गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।

४. विद्यार्थीहरुको चाँप र विद्यार्थि शिक्षक अनुपातलाई मध्य नजर गरी आवश्यक रहेका माध्यमिक विद्यालयहरुमा **Double section** कक्षालाई थप व्यवस्थित बनाईने छ। साथै थप पुर्वाधारको व्यवस्था गरी पठनपाठनलाई प्रभावकारी बनाईनेछ । विद्यालय तहमा लिईने परीक्षालाई व्यवस्थित, मर्यादित, प्रभावकारी र गुणस्तरीय बनाउन उचित कार्यक्रम सहित आवश्यक बजेटको व्यवस्था मिलाईने छ।

५. यस गा.पा. अन्तर्गतका सामुदायिक विद्यालयहरुमा आवश्यक **शिक्षक पदपुर्ति**को लागि शिक्षक नियुक्ति तथा आवश्यक प्रवन्ध मिलाईनेछ। साथै आवश्यकता अनुसार थप शिक्षकको लागि संस्था निर्धारण गरी आवश्यक बजेट विनियोजन गरिने छ।

६. यस गा.पा.अन्तर्गतका विद्यालयलाई अपाङ्गता तथा बालमैत्री बनाइनेछ। अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा पहुँच अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । सामुदायिक

विधालयहरुमा विद्यार्थीहरुको शारिरीक तथा मानसिक विकासका लागि विभिन्न खेलकुद सामग्रीहरु वितरण तथा **खेलकुद प्रतियोगिता**को आयोजना गरिनेछ । शिशु (बालविकास) कक्षालाई बालमैत्रि र सिकाईमैत्री बनाउन भौतिक रुपमा सुरक्षित र व्यवस्थित कार्पेट तथा छायायुक्त कक्षाकोठा चाहिने भएकोले सोका लागि उचित कार्यक्रम सहित आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

७. बालविकास सहजकर्तालाई विद्यालयको पठनपाठन कार्यमा प्रोत्साहित गरी उच्च प्रतिफल प्राप्त गर्न नेपाल सरकारले घोषणा गरे बमोजिम बाल विकास सहजकर्ताको तलब भत्ताको व्यवस्था मिलाईनेछ । पठनपाठनको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन विद्यार्थीका लागि अतिरीक्त कक्षा संचालन गर्न व्यवस्था गरिनेछ ।

८. श्री ने.रा.मा.वि. देउरबाना र श्री ने.रा.मा.वि. सियरही सथवल लाई कक्षा १२ सम्म पठन पाठनको व्यवस्थालाई निरन्तरता दिईनेछ । सखुवा प्रसौनी गा.पा.-०२ मा स्नातक तहसम्मको क्याम्पस संचालन गरिनुका साथै यस गाउँपालिकामा अमिनको समेत पठनपाठन हुने व्यवस्था मिलाईनेछ ।

९. यस गा.पा.का सामुदायिक विद्यालयहरुलाई **क्रमशः अंग्रेजी माध्यम**बाट कक्षासंचालन कार्य शुरु गरिनेछ ।

१०. एस.ई.ई. तथा कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने छात्र छात्रा तथा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई सम्मान गरिनेछ ।

११. सामुदायिक विद्यालयलाई प्राविधिक मैत्री शिक्षण सिकाई कार्यलाई अगाडी बढाउन प्रोत्साहन गरिनेछ । यस कार्यलाई सहयोगी संस्थाहरुको सहयोगमा अगाडी बढाईने छ ।

१२. आधारभुत तथा माध्यमिक विद्यालयहरुमा विद्युतिय हाजिरीको व्यवस्थालाई कार्यान्वयनमा ल्याईनेछ ।

१३. शिक्षा सम्बन्धी कुनैपनि किसिमको सहयोग वा प्रोत्साहन सम्बन्धी सुविधा यस गा.पा. भित्रको विद्यालयमा अध्ययन गर्ने तथा यस गा.पा.मा स्थायी बसोबास गरेको नागरिकको सन्तानलाई मात्र उपलव्ध गराईने छ ।

१४. हरेक सामुदायिक विद्यालयमा वार्षिक अभिभावक भेला गरी आय–व्यय सार्वजनिक गर्ने तथा हरेक विद्यालयको उत्कृष्ट शिक्षक एवम् विद्यार्थीलाई प्रोत्साहित गर्न आवश्यक बजेटको व्यवस्था मिलाइने छ । नियमित अतिरिक्त कृयाकलापले विद्यार्थिको शारीरिक, मानसिक, सामाजिक र बौद्धिक विकासमा अत्यन्तै प्रभावकारी भुमिका निर्वाह गर्ने भएकोले सोका लागि हरेक सामुदायिक विद्यालयमा प्रभावकारी कार्यक्रम सहित आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

१५. यस गा.पा. भित्रका विद्यालयहरुलाई दैनिक कार्य संचालन, न्युनतम शैक्षिक सामग्रीको प्रयोग अभिवृद्धि गर्दै शिक्षण सिकाई सुनिश्चित गर्न विद्यालयलाई एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ । शैक्षिक सत्र, २०८० देखि कार्यान्वयनमा आएको **कार्यसम्पादन करार**को व्यवस्थाका आधारमा प्रत्येक सामुदायिक विद्यालयका प्रधानाध्यापक र शिक्षकलाई विद्यालयप्रति जिम्मेवार बनाई पठनपाठन कार्यमा गुणस्तर कायम गरिनेछ । शैक्षिक प्रगतिका आधारमा प्रत्येक सामुदायिक विद्यालयलाई **ग्रेडिङ** गरी सिकाई उपलब्धिका आधारमा प्रत्येक सामुदायिक विद्यालयका शिक्षक तथा विद्यालय कर्मचारीहरुको लागि **दण्ड र पुरस्कार**को व्यवस्था कार्यान्वयन गरिनेछ ।

१६. गा.पा. भित्र थप कक्षा संचालन गर्न अनुमति प्रदान गरिएका सामुदायिक विद्यालयहरुमा थप पुर्वाधारको व्यवस्था गरि पठन पाठनलाई व्यस्थित बनाईनेछ ।

१७. गा.पा.भित्रको प्रत्येक विद्यालयलाई विद्यार्थीहरुको बहुआयामिक विकासको लागि खेलकुद सामाग्री गा.पा.बाट उपलव्ध गराउनुका साथै अतिरिक्त क्रियाकलापको योजना निर्माण गरी कायान्वयन गरिनेछ।

१८. शिक्षण सिकाईलाई समय सान्दभिक र व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यकता अनुसार **शिक्षकहरुलाई तालिम**को व्यवस्था गरिनेछ ।

१९. विद्यालयका प्रधानाध्यापकहरुलाई अधिकार सम्पन्न बनाई शिक्षण सिकाई सम्झौता गरी सो अनुरुप उपलव्धिको सुनिश्चित गरिनेछ । शिक्षक कर्मचारीलाई प्र.अ.को सिफारिस तथा गा.पा.को मूल्यांकनको आधारमा सरुवा, बढुवा, ग्रेड रोक्का जस्ता दण्डविधि अपनाउन आवश्यक व्यवस्था गरिनेछ । प्र.अ.लाई पूर्ण रुपमा विद्यालय प्रति तथा गा.पा. प्रति जवाफदेहिता र उत्तरदायि बनाइनेछ ।

२०. गा.पा. भित्र कम्प्युटर संचालनमा रहेको विद्यालयको **कम्प्युटर कक्षाको निरन्तर** रुपमा संचालनको सुनिश्चितता गर्न मरम्मतको व्यवस्था गरिनेछ ।

२१. गा.पा. भित्रका माध्यमिक विद्यालयहरुमा **सि.सि.टि.भि. क्यामरा जडान तथा विद्युतिकरणको** व्यवस्था गरिनेछ ।

२२. नेपाल सरकारको नीति अनुरुप संघ र प्रदेश सरकारको सहकार्यमा यस गा.पा.भित्रको विद्यालयहरुमध्ये कुनै एक विद्यालय छनौट गरी **प्रविधियुक्त स्मार्ट कक्षा** संचालनको व्यवस्था मिलाईनेछ ।

२३. शिशुकक्षाका विद्यार्थीहरुलाई खेल तथा शिक्षण सामाग्री व्यवस्था गरिनेछ ।

२४. विद्यार्थीहरुको शैंक्षिक भ्रमणलाई निरन्तरता दिदैं प्रा.वि.तहको विद्यार्थीहरुलाई पनि समावेश गरिनेछ ।

२५. गा.पा. भित्र संचालित विद्यालयहरुले अपेक्षित नतिजा दिन नसकेमा वा गा.पा.को निर्देशानुसारको कार्य तोकिएको समयमा नगरेमा गा.पा.ले आवश्यक नियम बनाई कारवाही गर्न सक्नेछ ।

२६. सामुदायिक विद्यालयमा रहेको न्युन शिक्षक दरबन्दि र उच्च विद्यार्थी चाँपलाई व्यवस्थित गर्न गाउँपालिकाको श्रोतबाट तलब भत्ता सुनिश्चित गरी **शिक्षक तथा स्वयंसेवक शिक्षक** करारमा भर्ना गरी पठनपाठन कार्यलाई व्यवस्थित गरिनेछ ।

युवा, रोजगारी तथा खेलकुद

२७. यस गाउँपालिकाका यूवाहरुमा खेलप्रति लगाव र लगनशिलतालाई उच्च प्राथमिकतामा राख्दै औराहा पँचगावाको फिल्डमा प्रादेशिक रङ्गशाला निर्माणको लागी प्रदेश सरकारसँग समन्वय गरिनेछ । साथै यस पालिकाभित्र बहुउद्धेशिय कर्भड हल निर्माणको लागी समेत प्रदेश सरकार खेलकुद तथा समाज कल्याण मन्त्रालयसँग सहकार्य गरिनेछ ।

२८. युवा स्वरोजगारको लागि क्षमता विकास, सिप विकास, व्यवसायिक तालिमको संचालन गरिनेछ । प्रधानमंत्रि रोजगार कार्यक्रम मार्फत सखुवा प्रसौनी गाउँपालिका भित्रका वेरोजगार युवाहरुलाई आवश्यक रोजगारीको व्यवस्था मिलाईने छ ।

२९. युवा वर्गको क्रियाशिलतालाई गाउँपालिकाको विकासको क्षेत्रमा योगदान दिन सबै कार्यक्रम युवा मैत्री बनाउदै लगिनेछ ।

३०. गरिबि निवारणका लागि लघु उद्यम कार्यक्रम मार्फत युवाहरुलाई स्वरोजगार बनाई गाउँपालिका स्तरमा रोजगारीको सृजना गरी युवा शक्ति पलायन रोक्न स्थानीय श्रममुलक कार्यक्रम संचालन गरिनेछ ।

३१. बालबालिका तथा युवाहरुको शारिरीक तथा मानसिक विकासका लागि खेलकुदहरुमा जोड दिइनेछ । साथै पालिकाको मान सम्मान राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा अभिवृद्धि गर्ने खेलाडीहरुलाई सम्मान गरिने छ ।

३२. युवा तथा खेलकुद विकास समिति गठन गरी खेलकुदलाई अगाडी बढाउने व्यवस्था मिलाईने छ । गुणस्तर युक्त पालिका स्तरीय एउटा खेलकुद मैदानको निर्माण गरी खेलाडीहरुलाई उचित सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।

३३. बैदेशिक रोजगारीबाट फर्केका युवाहरुले आर्जन गरेको सिप र क्षमताको उचित मुल्यांकन गरी स्थानीय स्तरमा सोको उपयोग गर्दै गाउँपालिका भरी व्यवसायिक खेती तथा पशुपालन/मत्स्यपालन तथा उद्यम विकासका क्षेत्रमा परिचालन गरी रोजगारीको अवसर प्रदान गरिनेछ ।

३४. स्थानीय स्तरमा रोजगारी प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममुलक प्रविधिको प्रयोगमा जोड दिईनेछ र रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी उपयोग गर्दै स्थानीय स्तरमा उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको प्रभावकारी सूचना प्रवाह मार्फत अवसरको उपयोग गरिनेछ ।

३५. बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुको श्रम स्वीकृति तथा पुनः श्रम स्विकृतिका कार्यहरु प्रभावकारी ढंगबाट कार्यान्वयन गरिनेछ ।

३६. रोजगार रणनीति तर्जुमा तथा रोजगार सम्वाद मञ्च कार्यविधी स्विकृत गरिनेछ ।

## स्वास्थ्य

३७. १५ शैया आधारभुत अस्पताल निर्माणको लाीग केन्द्र सरकारसँग बजेट माग गरी प्रदेश सरकारबाट समेत आवश्यक श्रोतको लागि पहल गरिनेछ । साथै नेपाल सरकारबाट प्रस्तावित दरबन्दि संरचना स्वीकृत नभएसम्म गाउँपालिकाको श्रोतबाट १५ सैया अस्पताललाई संचालनमा ल्याईनेछ । सवै वडाहरुमा स्वास्थ्य सेवा संचालन अनिवार्य गरिएकोमा सोका लागि **स्वास्थ्य चौकीहरुको भवन निर्माण** तथा वर्थिङ सेन्टर निर्माण र सुदृढिकरण गरिनेछ । सबै वडाहरुमा वर्थिङ्ग सेन्टर संचालन गरी दक्ष जनशक्तिको व्यवस्था गरिनेछ ।

३८. गाउँपालिकाबाट संचालित दुई वटै **एम्बुलेन्स**लाई चौविसै घण्टा गाउँपालिका वासी तथा जनसमुदायको सेवामा समर्पित गरिनेछ । साथै गा.पा. अन्तरगतका **सम्पुर्ण नागरिकको लागि निःशुल्क एम्बुलेन्स सेवा** संचालन गरिने व्यवस्था मिलाईनेछ ।

३९. वडा नं.४ र ५ लगायत क्रमशः बाँकी वडालाई पनि कुपोषणमुक्त वडा घोषणा तथा गाउँपालिकालाई कुपोषण मुक्त गाउँपालिका घोषणा गर्ने आवश्यक व्यवस्था मिलाईने छ । साथै पोषण मैत्री र किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था बनाईनेछ ।

४०. स्वास्थ्य बीमाको कार्यक्रम संचालन गर्न केन्द्र सरकार, प्रदेश सरकार समक्ष पहल गरिनेछ । आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भ अवस्था देखि नै प्रसुति सुरक्षा सेवा पु-याईनेछ । वर्थिगं सेन्टरमा

सुत्केरी भएकी आमालाई पोषण युक्त खानाका लागि **१,०००।–** पोषण भत्ता उपलब्ध गराइने व्यवस्था मिलाईनेछ । यस गा.पा.को वर्थिगं सेन्टर मा जन्मीएको छोरा वा छोरीहरुलाई प्रदान गरिने सुविधा यस गा.पा.मा स्थायी बसोबास गर्ने महिलाबाट जन्मिने छोरा छोरीलाई मात्र प्रदान गरिनेछ ।

४१. सवै नागरिकहरुको शारिरिक तथा मानसिक स्वास्थ्यलाई मजबुत बनाउने हेतु खुल्ला व्यायामशाला तथा योगकक्षाको व्यवस्था मिलाईनेछ ।

४२. दिर्घ रोगीहरुले पाउने औषधि उपचार खर्च वापतको मासिक रु. ५,०००।०० उपलब्ध गराउनको लागी संघ सरकारसँग पहल गरिनेछ ।

४३. आवश्यक दक्ष जनशक्ति र भौतिक पूर्वाधारको व्यवस्थापन गरी गाउँपालिकाद्वारा प्रयोगशाला सेवा ( Lab) संचालनको व्यवस्था थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

४४. यस गा.पा. भित्र लागू औषध, जुवा, तास, रक्सी बन्देज गर्न पहल गरिने छ । साथै कसैले सेवन गरे गराएको पाईएमा दण्ड/जरिवाना लाग्ने छ । सवै सार्वजनिक स्थलहरुमा धुम्रपान र मदिरा सेवन निषेध गरिनेछ । मदिरा र सुर्तिजन्य पदार्थको आयात तथा विक्री वितरण लाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

४५. विद्यालयका छात्राहरु महिनावारीको समयमा विद्यालय आउन नसक्ने हुँदा छात्राहरुलाई सेनेटरी प्याड उपलव्ध गराईनेछ ।

४६. नेपाल सरकारबाट निशुल्क वितरण हुने औषधि स्वास्थ्य संस्थाबाट १२ महिना पुग्ने गरी आवश्यक व्यवस्था मिलाईनेछ ।

४७. गा.पा. भित्रका महिला बालबालिका पोषण अवस्था सुधार गर्नका लागि बहुक्षेत्रीय पोषण योजना संचालन गर्नका लागि गा.पा.तर्फबाट समेत बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४८. यस गाउँपालिका अन्तरगत मधुवन मथवल स्वास्थ्य चौकी तथा महुवन स्वास्थ्य चौकीबाट सञ्चालन हुँदै आएको २४ घंटा आकस्मिक सेवालाई निरन्तरता दिइनेछ ।

४९. वडा नं. १, २ र ५ लाई “NO Home Delivery” वडा घोषणा गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

५०. नसर्ने रोगहरु मुटु, क्यान्सर, मृगौला जस्ता रोगहरु समयमा छिटो पत्ता लगाउन Screening camp संचालन गरिनेछ । साथै कुपोषण पत्ता लगाउन १ वर्ष भित्रमा १२ पटक र २ वर्ष भित्रमा २४ पटक तौल गराउने अभिभावकलाई प्रोत्साहन गर्न क्रमश : १०००।- र २०००।- यातायात खर्च दिइनेछ ।

५१. मानसिक स्वास्थ्य सम्बन्धि स्वास्थ्य कर्मिहरुलाई दक्ष बनाई स्वास्थ्य चौकिहरुबाट मानसिक स्वास्थ्य सेवा संचालन गरिनेछ । साथै स्वास्थ्य विमा कार्यक्रमलाई अगाडि बढाईनेछ ।

५२. महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सेवालाई थप प्रभावकारी बनाउन म.स्वा.स्व.हरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

५३. पालिका भित्र नियमित खोप कार्यक्रमलाई सुदृढ गरी सबै बालबालिकाहरुलाई तोकिएको सबै खोप लगाई पूर्ण खोप सुनिश्चितता कायम गरिनेछ । साथै खोप केन्द्रलाई व्यवस्थित बनाईनेछ ।

५४. क्षयरोग तथा कुष्ठरोग मुक्त पालिका घोषणाको लागी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

**<u>खानेपानी तथा सरसफाई</u>**

५५. निश्चित समयमा सवैलाई आधारभुत खानेपानी उपलब्ध गराउने गरी स्थानीय तह र सामुदायिक गैर सरकारी संस्थाहरुले उपभोक्तासंग लागत सहभागितामा खानेपानी आयोजनाहरुका लागि समपुरक अनुदानको व्यवस्था मिलाएको छु ।

५६. खानेपानी कार्यक्रम अर्न्तगत **"एक घर एक चापाकल"** वितरण कार्यक्रम गा.पा.भरी संचालन गरिनेछ । साथै प्रत्येक घरमा खानेपानीको गुणस्तर जाँच गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

५७. यस पालिकाभित्र रहेको तिन वटै पानी ट्याङ्कीलाई सञ्चालनमा ल्याउनको लागी संघ सरकारसँग आवश्यक पहल गरिनेछ ।

**<u>महिला , बालबालिका तथा जेष्ठ नागरिक</u>**

५८. यस गा.पा.का ज्येष्ठ नागरीकलाई चिसोबाट बच्नको लागि ब्लाङ्केट तथा अन्य सामग्री वितरण गरी **ज्येष्ठ नागरिक सम्मान** कार्यक्रम संचालन गरिनेछ ।

५९. एकल महिला तथा विधवा महिलाहरुको क्षमता विकास तथा सशक्तिकरण गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

६०. सबै वडा /टोलमा बाल क्लब गठन तथा अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ ।

६१. सबै वडा/टोलमा महिला समूह गठन/अभिमुखिकरण तथा परिचालनको साथै विभिन्न किसिमको कार्यक्रमको व्यवस्था गरिनेछ ।

६२. प्रत्येक विद्यालयमा बाल क्लब गठन गरी बालबालिकामा अतिरिक्त ज्ञान, अनुशासन, आज्ञा पालन र नैतिकताको प्रवर्द्धन गरिनेछ ।

६३. सुरक्षित बैदेशिक रोजगार सम्बन्धी कार्यक्रम "सुरक्षित आप्रवासन परियोजना सामी" कार्यक्रमलाई यस पालिकाबाट लागत साझेदारी गरी कार्यक्रम कार्यन्वयन गरिनेछ ।

## आर्थिक विकास

### कृषि तथा पशु

६४. उत्पादन मूलक तथा छिटो प्रतिफल दिने कार्यक्रम संचालन गर्न कृषि उपज अन्तर्गत किसानलाई निःशुल्क मेवा तथा केरा खेती लगायत फलफुल खेतीको लागि बीउ, बेर्ना तथा प्राविधिक कर्मचारी उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

६५. कृषि कार्यलाई थप सहज र प्रविधिमैत्रि बनाउनका लागी वडा नं. १ देखी ६ सम्म कृषि विद्युतिकरण गरी प्रत्येक कृषको खेत खेतसम्म बिजुलीको पहुच पुर्याइनेछ ।

६६. किसानलाई सुलभ तरिकाबाट बीउँ तथा मल उपलब्ध गराउने व्यवस्था मिलाइने छ । **कृषि विमा**लाई प्रवर्द्धन तथा प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ । साथै विमालाई उत्पादन तथा उत्पादकत्वसँग आवद्ध गरिनेछ ।

६७. कृषि तथा पशुपंक्षी सम्बन्धि प्राविधिक ज्ञान र सिप प्रदान गर्न कृषि सेवा केन्द्रलाई विकसित गरिनेछ । नेपाल सरकारको नीति अनुरुप तरकारी बालीको पकेट क्षेत्र, गाई/भैसी तथा बाखा पालनको लागि पकेट क्षेत्र संचालन गरिनेछ । साथै गाउँपालिकाबाट आवश्यक **लघु पकेट क्षेत्र** संचालनको लागि आवश्यक व्यवस्था मिलाईने छ ।

६८. संघ सरकार र मधेश प्रदेश सरकारको सहकार्यमा यस पालिका भित्र कम्तिमा एक वटा शीतगृह (कोल्ड स्टोर), कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गरिनेछ ।

## सिचाई तथा नदी नियन्त्रण

६९. नदी तटबन्ध गरी हुने सिचाई तथा विद्युत मोटरबाट हुने भुमिगत सिँचाईको उचित प्रवन्ध गरी तरकारी तथा फलफुल खेती सहितको आधुनिक फलफुल खेती कार्यमा जोड दिईनेछ ।

७०. सिँचाईको लागि प्रयोग हुने नहर, कुलो/पैनी आदिलाई गाउँपालिकाबाट निशुल्क रुपमा नियमित सरसफाई गरी बाह्रै महिना सिँचाईको आवश्यक प्रबन्ध गरिनेछ ।

७१. जमुनिया खोला लगायतका नदीबाट आसपासका क्षेत्रमा बर्सेनि हुने कटान तथा बाढी पहिरोका कारण हुने डुबानबाट बर्सेनि करोडौँको क्षति हुने भएकोले नदीमा पानीको बहावलाई व्यवस्थित गर्न खोला टेन्डर मार्फत नदीजन्य पदार्थको नियमित उत्खनन् गर्नुका साथै तटबन्धको व्यवस्था गरी नदीबाट हुने क्षतिलाई न्युनिकरण गरिनेछ ।

७२. चरखवा सिंचाई बाँध सञ्चालनको लागी संघ सरकारसँग आवश्यक पहल गरिनेछ ।

७३. भुमिगत सिँचाई मार्फत कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिको लागि अनुदानमा **कृषि मिटर** वितरणको व्यवस्था गरिनेछ ।

## सहकारी, पर्यटन र उद्योग र वाणिज्य

७४. ऐतिहासिक पारसनाथ मंदिर**लाई** धार्मिक तथा पर्यटकिय स्थलको रुपमा विकास कार्य आरम्भ भईसकेकोले त्यसलाई संघीय सरकार र प्रदेश सरकार समेतको सहकार्यमा विकास कार्यको निरन्तरता दिई प्रसिद्ध धार्मिक तथा पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ । बेल्टोक क्षेत्रका साथै पसौगढीको कोईलाभार माई मन्दिरदेखि सखुवनिया हुँदै सिद्धपुरको शिवधाम मन्दिरसम्म पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ ।

७५. धर्म तथा सँस्कृतिलाई प्रवद्धन गर्दै सखुवा प्रसौनी गाउँपालिका वडा नं. ५ महुवनमा अवस्थित श्री पारसनाथ मन्दिरमा महा शिव रात्रीको अवसरमा **"पारसनाथ महोत्सव"** आयोजना गरिनेछ । साथै उक्त महोत्सवको शुभ अवसरमा **पारसनाथ रथ यात्रा** समेत आयोजना गरिनेछ ।

७६. गाउँपालिकाको विकासको लागि ठुलो सम्भावना बोकेको सहकारी क्षेत्रलाई थप क्रियाशिल बनाई विकासको एउटा खम्बाको रुपमा सहकारीलाई प्रवद्धन र परिचालन गरिने छ ।

७७. यस गा.पा. भित्र रहेको सम्पूर्ण उद्योग व्यवसायलाई दर्ता गराई नियमन गर्न आवश्यक व्यवस्था मिलाईने छ । गा.पा. अन्तर्गत उद्योग स्थापना गर्ने जो कोहि उद्योगपतिलाई सक्दो सहयोग तथा प्रवर्द्धन गरिनेछ ।

७८. परम्परागत ज्ञान तथा मौलिक सिपमा आधारित लघु तथा घरेलु उद्योगको स्थापना एवम् संचालन गर्न आवश्यक **सीप र प्रविधि हस्तान्तरण** तथा बजार संरक्षण मार्फत प्रवर्द्धन गरिने छ ।

७९. इस्लाम धर्मको धार्मिक प्रवद्धनका लागी यस गाउँपालिकामा जलसाको आयोजना गरिनेछ ।

८०. थारु समुदायको साँस्कृतिक महत्व झल्किने गरी यस गाउँपालिकामा निर्माण भइरहेको थरुहट पार्क निर्माणलाई निरन्तरता दिईनेछ ।

८१. गाउँपालिका अन्तरगत सञ्चालनमा रहेका सबै व्यापार व्यवसायहरु गाउँपालिकामा व्यवसाय दर्ताको लागी घुम्ती व्यवसाय दर्ता शिविर सञ्चालन गरिनेछ ।

## भौतिक पूर्वाधार

८२. गाउँपालिकाद्वारा गरिने विभिन्न भौतिक पूर्वाधारमा लाग्ने सामग्री तथा मजदुरीका दररेटको कार्यविधी बनाई लागू गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकालाई दिने गाउँभाबाट पारित गर्ने व्यवस्था मिलाएको छु ।

८३. घर नक्शा पास गराउँदा ३ फिट जग्गा छोड्नु पर्नेछ साथै झ्याल/ढोका राख्नको लागि २ फिट गरी जम्मा ५ फिट छाडी नक्शा बनाउनु पर्ने व्यवस्था ल्याएको छु ।

८४. यस गा.पा. भित्र सार्वजनिक जग्गामा निर्माण भएको घर टहरा हटाईने छ । साथै मिचिएका सार्वजनिक जग्गा एकिन गरी गा.पा. मातहतमा ल्याइने छ । नक्शा पास नगराई घर, टहरा, पर्खाल निर्माण कार्य भएमा कार्यवाही गरिनेछ ।

८५. विद्युतीकरण अन्तर्गत वडा नं. १ देखि ६ सम्म तारपोल र ट्रन्सफरमर जडान गरिने छ ।

८६. नाप नक्शा अनुसार रोड चौडा गरी सडक ढलान तथा नाला निर्माण गरिने छ ।

८७. सार्वजनिक सडकहरु बाह्रै महिना सुचारु राखिने छ । आकस्मिक मर्मत संभार कार्यको लागि **मर्मत संभार कोष**को व्यवस्था गरी संचालन गरिने छ ।

८८. १० लाख भन्दा बढीका आयोजनाहरुमा आयोजना स्थलमा योजना सम्बन्धि जानकारी गराउन अनिवार्य रुपमा विस्तृत विवरण सहित **होडिङ्ग वोर्ड** लगाईने छ ।

८९. एक भन्दा बढी वडालाई जोड्ने रुपान्तरणकारी आयोजनाको रुपमा सडक कालोपत्रे गरिनेछ । साथै कृषि सडकलाई समेत प्राथमिकता दिईने छ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

९०. स्वच्छ, हराभरा र प्रदुषण मुक्त गाउँपालिका अध्ययन संचालन गरी जैविक विविधता तथा जलवायू परिवर्तन अनुकुलनमा गाउँपालिका, निजी क्षेत्र, सहकारी तथा सामुदायिक र गैर सरकारी क्षेत्र विच सहकार्य गरिनेछ ।

९१. जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकलनका कार्यक्रम संचालन गरिनेछ । आसपासका सवै क्षेत्रहरुको सफाइमा विशेष ध्यान दिइनेछ ।

९२. जलवायु परिवर्तनलाई ध्यान दिई वृक्षारोपण संगै गा.पा.भित्र **"फलफुलको नर्सरी"** स्थापना गरी विरुवा वितरण गर्ने व्यवस्था गरेको छ ।

९३. हरेक वडामा रहेको ऐलानी जग्गा एकिन गरी वृक्षारोपणको व्यवस्था गरिनेछ, रोपिएका विरुवा नष्ट गर्ने तथा नष्ट गर्न दुरुत्साहन गर्ने जो कोहीलाई कारवाहीको व्यवस्था गरिने छ ।

९४. स्वच्छ र हराभरा गाउँपालिका निर्माणको लागी **एक घर एक रुख** कार्यक्रम लागु गरी प्रत्येक घरधुरीलाई फलफुल तथा अन्य विरुवा उपलब्ध गराइनेछ ।

९५. नदि कटान र बाढी प्रभावित क्षेत्रको अध्ययन गरी नियन्त्रणात्मक कार्य संचालनमा जोड दिईनेछ । विपद् सम्बन्धि जनचेतना, विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयनमा आवश्यक पहल गरिनेछ सोका लागि गाउँपालिका प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकमको विनियोजन गरिने छ ।

९६. नदीको बैज्ञानिक उत्खनन गरी संकलित नदीजन्य पदार्थको उपयोग गरिनेछ ।

९७. हरित गाउँपालिका स्वच्छ गाउँपालिका निर्माणको लागि गाउँपालिका भित्र रहेका ऐलानी, पर्ति तथा बाटोको वरिपरि बृक्षारोपण कार्यलाई अगाडि बढाईने छ ।

९८. आगलागीबाट हुने धनजनको क्षतिलाई न्युनिकरण गर्न बारुण यन्त्रलाई चौविसै घण्टा Stand by राखिनेछ ।

९९. **उज्यालो गाउँपालिका** बनाउने प्रयास स्वरुप प्रत्येक वडामा सडक बत्ति व्यवस्थापन गरी गाउँपालिकालाई प्रकाशमय तथा चम्किलो बनाईनेछ ।

## सुशासन एवं संस्थागत विकास

१००. वडा स्तरीय गुनासो सार्वजनिक सुनुवाई कार्यक्रम गरिने व्यवस्था मिलाईने छ ।

१०१. भ्रष्ट्राचारजन्य गतिविधिको संरक्षण तथा पक्षपोषण गर्ने संस्कृतिको अन्त्य गर्दै भ्रष्ट्राचार गर्ने र गराउने दुवै पक्षलाई कानुनको दायरामा ल्याइनेछ ।

१०२. सुचना प्रविधिको क्षेत्रमा भएको असल अभ्यास लाई अनुसरण गरी आगामी दिनमा गाउँपालिकाले प्रदान गर्ने सबै सेवाहरुलाई क्रमशः विधुतिय प्रणालिमा रुपान्तरण गरिनेछ ।

१०३. निर्णय प्रक्रियालाई शिघ्र र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकारीलाई नतिजा प्रति उत्तरदायि र जिम्मेवार बनाइनेछ । आर्थिक अनुशासनको कडाईका साथ पालना गरिनेछ ।

१०४. सामाजिक जवाफदेहिताका औजारहरु सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षणलाई कडाईका साथ व्यवहारमा ल्याइनेछ ।

१०५. प्रत्येक वडा कार्यालयमा जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता लगायतका **पंजिकरण सम्बन्धि अभिलेखलाई अनलाईन** गर्ने व्यवस्था मिलाईने छ ।

१०६. सामाजिक संजालमा पहुँच पुऱ्याउन हरेक वडामा वाईफाई को व्यवस्था मिलाएको छ ।

१०७. विभिन्न तालिम मार्फत कर्मचारीहरुको क्षमता विकास गरी कार्य सम्पादनको गुणस्तर अभिवृद्धि गरिनेछ ।

१०८. यस सखुवा प्रसौनी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा दरबन्दि संरचना निर्धारण गरी सोही अनुरुप कर्मचारी व्यवस्थापन गरिनेछ ।

१०९. सखुवा प्रसौनी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई विशेष प्राथमिकतामा राखी प्रशासकीय भवन निर्माणको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

११०. धार्मिक स्थल र ऐलानी पर्तिको अतिक्रमणलाई रोक्न र विकास निर्माण तथा सार्वजनिक हितको क्षेत्रमा परिचालन गर्न गाउँपालिका प्रहरीको व्यवस्था गरिनेछ । अतिक्रमित जग्गालाई सम्बन्धित निकाय समेतको सहकार्यमा क्रमश : फिर्ता ल्याईनेछ ।

**कानुन तथा न्याय**

१११. न्यायिक समितिलाई जवाफदेहिता तथा सुदृढ बनाउन गठन भएको गा.पा.स्तरीय मेलमिलाप समितिको लागी **इजलास तथा ड्रेस**को आवश्यक व्यवस्था गरिनेछ ।

११२. यस गाउँपालिका अन्तरगतको विभिन्न भौतिक पूर्वाधारको संरक्षणको लागी मर्मत संभार कार्यविधि तयार गरी लागु गरिनेछ ।

११३. अड्डा अदालतमा मुद्दा मामिला सम्बन्धि वारिस/प्रतिनिधीमा लाग्ने खर्चको व्यवस्था गरिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

११४. कुनै किसिमको सेवा सुविधा यस गा.पा.को नागरिकलाई मात्र उपलब्ध गराईने छ।

११५. राष्ट्रिय स्तरको चाडपर्व तथा दिवस मनाउन (जस्तै : गणतन्त्र दिवस, संविधान दिवस, सहिद दिवस) बजेटको व्यवस्था गरिनेछ ।

११६. यस गाउँपालिकाका यूवा तथा महिलाहरुको लागी सिप र दक्षता अभिवृद्धि गर्नको लागी सिलाई कटाई, ब्युटिसियन, प्लम्बिङ्ग, वायरिङ्ग जस्ता सिपमुलक तालिम सञ्चालन गरिनेछ।

११७. प्रधानमन्धी रोजगार कार्यक्रमलाई यस गा.पा.को आ.व. ०८३।०८४ को बजेटमा समोवेश गरी आयोजना /कार्यक्रमको तर्जुमा गरेको छु।

११८.स्थानिय स्तरमा मनाईने विभिन्न किसिमका चाडपर्व, धार्मिक कार्यकमको प्रवद्धन गर्न आवश्यक व्यवस्था गरिनेछ।

## कर्मचारी व्यवस्थापन

.११९. यस गाउँ कार्यपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको स्थानीय प्रोत्साहन भत्ता कार्य सम्पादनको आधारमा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

१२०. निजी श्रोतमा कार्यरत कर्मचारी तथा शिक्षकहरुलाई रु १०,०००।- का दरले पोशाक सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

१२१. महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई उपलब्ध गराउदै आएको प्रोत्साहन भत्ता रु ३००० (तीन हजार) लाई निरन्तरता दिदैं थप प्रोत्साहित गरिने छ।

१२२. गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी तथा निर्वाचित जनप्रतिनिधि ज्यूहरुलाई कुनै किसिमको कडा वा घातक रोग लागेमा अस्पतालको सिफारिस तथा खर्चको प्रकृति हेरी सखुवा प्रसौनी गाउँपालिकाको आर्थिक सहायता कार्यविधी २०७८ बमोजिम रु. ५०,०००।०० देखी रु. २,५०,०००।०० सम्म आर्थिक सहायता उपलब्ध गराईनेछ।

१२३. यस गाउँपालिका अन्तरगत कार्यरत साबिक स्थानिय निकायका कर्मचारीहरु तथा २०७६ साल पछि नियुक्त भएका स्थानिय तहका स्थायी कर्मचारीहरुको अवकास कोषको व्यवस्था मिलाईनेछ।

१२४. यस गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको लागी नेपाल सरकारले लागु गरेको सामाजिक सुरक्षा कोष र अवकाश कोषको व्यवस्था मिलाईनेछ।

**समाननीय सभा अध्यक्ष ज्यु,**

अब म माथि उल्लेखित नीति तथा कार्यक्रमले लिएको लक्ष्य पुरा गर्नको लागि यस गाउँपालिकाले आ.व.२०८३।०८४ का लागि विनियोजन गरेको आय ब्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु । यसको विस्तृत विवरण गाउँपालिका विकास योजनाको पुस्तिका मार्फत प्रकाशित हुने नै छ । यस गाउँपालिकाको यस आ.व.मा आय तर्फ कुल सर्शत अनुदान रु २१,१६,००,०००।- समपुरक अनुदान रु. १,४५,००,०००।- विशेष अनुदान रु. ४६,००,०००।- आन्तरिक स्रोतबाट रु ५३,००,०००।- कुल वितिय समानिकरण अनुदान तर्फ रु ११,६४,६२,०००।- राजश्व बाँडफाँड तर्फ रु ११,१३,२०,५२०।- हुने र व्यय तर्फ जम्मा रु. ४६,३७,८२,५२०।- रहने लक्ष्य लिईएको छ ।

**अध्यक्ष महोदय,**

यस गाउँपालिकाको नीति तथा कार्यक्रम स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने क्रममा बस्ती तह, वडा समिति, वडा वासी, गाउँपालिकामा कृयाशिल राजनैतिक पार्टीहरु, विषयगत क्षेत्रहरु, नागरिक समाज, सरोकारवाला निकाय, ब्यापारी, पत्रकार, सखुवा प्रसौनी गाउँ कार्यपालिका परिवार, गाउँपालिका कर्मचारी परिवार लगायत सम्बद्ध पक्षले पुरयाउनु भएको सहयोग र सहभागिता उल्लेखनिय रहेको छ ।

सहभागितात्मक गाउँपालिका विकास योजना तर्जुमाका विभिन्न चरणमा सहभागि भई पध्रौं गाउँ सभा आयोजना गर्ने क्रममा यहाँहरुबाट प्राप्त साथ र सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा अब म यस सखुवा प्रसौनी गाउँपालिकाले माथि उल्लेखित नीति तथा कार्यक्रमहरु स्वीकृत गरिदिनहुन गाउँ सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

**उपाध्यक्ष**
**शर्मिला विष्ट**